# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड
## पाँचौं वार्षिक साधारण सभा

### काम कारवाहीको विवरण (माइन्यूट)

**(१) बैधानिक सभा**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको पाँचौं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**(२) सभाको मिति, स्थान र समय**

मिति : २०७० साल कार्तिक १४ गते विहीबार (तद्अनुसार ३१ अक्टुवर २०१३)
समय : दिनको ११.०० बजे ।
स्थान : उद्योग वाणिज्य संघको सभाहल, तमघास, गुल्मी ।

**(३) सभाको सुचना जारी**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको मिति २०७० साल असोज १९ गते बसेको ११२औं बैठकले कम्पनीको पाँचौं वार्षिक साधारणसभा मिति २०७० साल कार्तिक १४ गते विहीबार तद्अनुसार ३१ अक्टुबर, २०१३ का दिन विहान ११:०० बजेदेखि तमघास, गुल्मीमा बस्ने भनी निर्णय भए अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को व्यवस्था बमोजिम कम्पनीको सभा सम्बन्धी सूचना सबै शेयरधनी महानुभावज्यूहरुको व्यक्तिगत ठेगानामा पठाउनुका साथै मिति २०७०/०६/२२ गते मंगलबार नागरीक (राष्ट्रिय दैनिक) र मिति २०७०/०७/०५ गते मंगलबार नेपाल समाचारपत्र (राष्ट्रिय दैनिक) मा गरी २ पटक सूचना प्रकाशित गर्नुका साथै यस डेभलपमेण्ट बैंकको Website: www.srdb.com.np मा समेत राखिएको छ ।

**(४) छलफलका विषयहरु**

**(क) साधारण प्रस्तावहरु**

१. सञ्चालक समितिका तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.ब. २०६९/०७० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०६९/०७० को लेखापरीक्षकको प्रतिवेदन सहित २०७० साल आषाढ मसान्तको वासलात र मिति २०६९/०४/०१ गते देखि २०७०/०३/३१ सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरि पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०७०/०७१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. संस्थापक शेयरधनी (समूह "क") को तर्फवाट प्रतिनिधित्व गर्ने ५ (पांच) जना र सर्वसाधारण शेयरधनी ( समूह "ख") को तर्फवाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

१. बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।
२. आ.व.२०६९/०७० को चुक्ता पूंजीको २० प्रतिशतले हुने रकम रु. ६,३९,७२,८००/- बराबरको बोनश शेयर वितरण गर्न स्वीकृति गर्ने ।
३. बोनस शेयर वितरण गरे पश्चात कायम हुने चुक्ता पूँजीको २ : १ (दुई शेयर बरावर एक शेयर) का अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने ।
४. सञ्चालकहरुको बैठक भत्ता लगायत अन्य सुविधा निर्धारण गर्ने ।
५. प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी बिशेष प्रस्ताव पारित गर्ने ।

६. बैंकको प्रबन्धपत्र, नियमावली संशोधन एवं थप गर्न नियमनकारी निकायवाट स्वीकृति लिने सिलसिलामा आवश्यक पर्ने सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

**(५) उपस्थिती**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री थानेश्वर पौडेल | अध्यक्ष |
| २. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | सञ्चालक |
| ३. | श्री श्रीकृष्ण पोखरेल | सञ्चालक |
| ४. | श्री कृष्णप्रसाद भण्डारी | सञ्चालक |
| ५. | श्री ताराप्रसाद उपाध्याय (ज्ञवाली) | सञ्चालक |
| ६. | श्री मोहन चापागाई | सञ्चालक |
| ७. | श्री डिल्लीराज भुसाल | सञ्चालक |
| ८. | श्री तीलकुमारी बगाले | सञ्चालक |

**५.२ अन्य पदाधिकारीको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री प्रकाश पौडेल | प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |

**५.३ शेयरधनीहरुको उपस्थिति**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या : ६६ जना
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : ४३० जना
३. जम्मा उपस्थित संख्या : ४९६ जना

**(६) गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| विवरण | कूल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधिद्वारा उपस्थिति (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीको संख्या | ८,०७३ | ६६ | ४३० | **४९६** | ६४.७६ % |
| संस्थापक समूह "क" | ८४ | २९ | ४१ | **७०** | |
| सर्वसाधारण समूह "ख" | ७,९८९ | ३७ | ३८९ | **४२६** | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ३१,९८,६३६ | ८,६९,८६६ | १२,०१,५०० | **२०,७१,३६६** | |

कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा विकास बैंकको नियमावलीको नियम २३ अनुसार साधारणसभाको लागि गणपुरक संख्या, बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपुरक संख्या पुगेको मानिने प्रावधान अनुरुप कम्पनीको कुल शेयर ३१,९८,६३६ कित्ता मध्ये ८,६९,८६६ शेयर कित्ताका ६६ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र १२,०१,५०० शेयर कित्ताका ४३० जना शेयरधनीहरु प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुनु भई कुल शेयरको ६४.७६ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार आजको यस सभाको गणपुरक संख्या पुगेको जानकारी सभालाई कम्पनी सचिवले गराउनु भयो ।

**(७) सभाको वैधानिकता र सभापतित्व :**

७.१ कम्पनीको पाँचौं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभाव तथा आगन्तुक महानुभावहरुमा हार्दिक स्वागत अभिवादन ब्यक्त गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री प्रकाश पौडेलले सभाको कारवाही अगाडी बढाउनु भयो । उहाँले साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ७३ मा साधारण सभामा कुल शेयर संख्याको ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम पाँचौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ६६ भएको र कुल शेयरको ६४.७६ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा प्रबधान भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने ब्यबस्था कम्पनी सचिवले जानकारी गराएपछि दिनको ११.०० बजे अध्यक्ष श्री थानेश्वर पौडेलज्यूको अध्यक्षतामा बैंकको पाँचौं वार्षिक साधारण सभा सुरु भयो ।

**(८) पाँचौं वार्षिक साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती :**

**८.१ पाँचौं वार्षिक प्रतिवेदन प्रस्तुती :**
सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिबादन गर्दै पूर्व बिर्धरित छलफलको बिषय सूची अनुसार आर्थिक बर्ष २०६९/७० को सञ्चालक समितिको प्रतिबेदन छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

**८.२ लेखापरीक्षण प्रतिवेदन समेतको हिसाव प्रस्तुती :**
त्यसपछि अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिबेदन सहितको २०७० आषाढ मसान्तसम्मको रु. ४,४९,०७,५९,५८३/- को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात, रु. ४१,६२,९३,३५६/- कुल संचालन आम्दानी र रु. ३२,९२,१७,४२५/- (आयकर तथा कर्मचारी बोनस समेत) खर्च भएको आ.व. २०६९/०७० को नाफा नोक्सान हिसाव तथा साधारण जगेडा कोष बापत रु. १,७४,१५,१८६/- छुट्याई बाँकी रहेको संचित मुनाफा तथा गत बर्षको संचित मुनाफा, मर्जर पश्चात रेसुङ्गा विकास बैंक लिमिटेडको संचित मुनाफा समेत उपयोग गरी रु. ६,३९,७२,८००/- बरावर बोनश शेयरको प्रयोजनलाई छुट्याए पछिको संचित मुनाफा रु. १,०८,२५,८०५/- वासलात मा सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. ३४,६२,६९,६९६/- भएको नगद प्रवाह बिवरण सहितको वासलात, नाफा नोक्सान हिसाव समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**(९) छलफलको लागि आव्हान र शेयरधनी महानुभावहरु :**
बैंकको आ.व. २०६९/०७० को प्रतिबेदन, २०७० आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त आ.व. २०६९/७० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण उपर आ-आफ्नो मन्तब्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात शेयरधनीहरुले छलफल भिन्न भिन्न जिज्ञासा एवं सुझावहरु ब्यक्त गर्नु भएको थियो ।

**(१०) छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा ब्यक्त गर्नु भएका मन्तब्य :**
आ-आफ्नो मन्तब्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम शाइन डेभलपमेण्ट बैंक लिमिटेड र रेसुङ्गा विकास बैंक लिमिटेड एक आपसमा गाभिई सफल मर्जरपश्चात पहिलो आर्थिक बर्ष मै देखाएको सफलताप्रति बैंकका अध्यक्ष तथा सञ्चालकहरु र ब्यबस्थापनलाई धन्यबाद दिनुभयो साथै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंकको सञ्चालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिबेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएका कार्यहरुको मुल्याङ्कन गरी राम्रा कामको सराहना तथा बैंकले क्रमशः सुधार गर्दै लैजानु पर्ने कुराहरु औंल्याउनु

भयो । सम्भाबित जोखिमलाई न्यूनीकरण गर्दै बैंकको प्रतिस्पर्धी क्षमतालाई अभिबृद्धि गर्दै बैंकिङ्ग व्यबसायको नयाँ क्षेत्र पहिचान गरी सेवा बिस्तार गरी वित्तीय व्यबसायलाई अझ अगाडि बढाउँदै लैजानु पर्छ भन्ने कुरामा जोड दिनु भयो ।

**(११) सभाको निर्णयः**

**(क) साधारण प्रस्ताव**

१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत आर्थिक बर्ष २०६९/०७० को वार्षिक प्रतिवेदन सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्तसम्मको वासलात र मिति २०६९/०४/०१ गतेदेखि २०७०/०३/३२ सम्मको नाफा-नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०७०/०७१ को लेखापरीक्षण गर्न बैंकको लेखा परीक्षण समितिले सिफारिश गरे बमोजिम बाह्य लेखापरीक्षकमा श्री एच.काफ्ले एण्ड एशोसियट्सका चाटर्ड एकाउन्टेन्ट श्री हेमकुमार काफ्लेलाई नियुक्ती गर्ने निर्णय गरियो र निजलाई रु. १,१५,०००/- (रु. एक लाख पन्ध्र हजार मात्र) बार्षिक पारिश्रमिक उपलब्ध गराउने सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

४. कम्पनीको नियमावलीको नियम ३१ बमोजिम सञ्चालक समितिमा समूह "क" संस्थापक शेयरधनीहरु बाट प्रतिनिधित्व गर्नु हुने ५ (पाँच) जना र समूह "ख" सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्नु हुने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन कार्यक्रम सम्पन्न भई निर्वाचन अधिकृत श्री भीम बञ्जाराले आगामी ४ (चार) बर्षका लागि तपसिल बमोजिम शेयरधनीहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्दा उक्त घोषणालाई सभाले सर्वसम्मतीले पारित गऱ्यो ।

| क्र.सं. | नाम | समूह |
|---|---|---|
| १. | श्री थानेश्वर पौडेल | संस्थापक |
| २. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | संस्थापक |
| ३. | श्री भुवन भण्डारी | संस्थापक |
| ४. | श्री कृष्णप्रसाद भण्डारी | संस्थापक |
| ५. | श्री दिलीपराज मास्के | संस्थापक |
| ६. | श्री मोहन चापागाई | सर्वसाधारण |
| ७. | श्री डिल्लीराज भुसाल | सर्वसाधारण |
| ८. | श्री गोपालप्रसाद पाण्डे | सर्वसाधारण |

**(ख) विशेष प्रस्ताव**

१. **बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही बमोजिम प्रवन्धपत्रमा संशोधन गर्ने :**
बैंकले आर्थिक बर्ष २०६९/०७० को नाफाबाट २० प्रतिशतले हुने रकम रु. ६,३९,७२,८००/- (रु. छ करोड उन्नचालिस लाख बहत्तर हजार आठ सय मात्र) बराबरको बोनश शेयर वितरण गर्ने र सो पश्चात कायम हुने शेयरको २ : १ को अनुपातमा हकप्रद शेयर जारी गरी बैंकको जारी तथा चुक्ता पूँजी रु. ५७,५७,५४,६००/- (रु. सन्ताउन्न करोड सन्ताउन्न लाख चवन्न हजार छ सय मात्र) हुने गरी पूँजी बृद्धि गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो । सोका लागि प्रबन्धपत्रमा निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**प्रवन्धपत्रको संशोधन तर्फ**

**दफा ६ बैंकको पूँजीको संरचना**
विकास बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

**दफा ६ (ख)** विकास बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ५७,५७,५४,६००/- (रु. सन्ताउन्न करोड सन्ताउन्न लाख चौवन्न हजार छ सय) मात्र हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ५७,५७,५४६ (सन्ताउन्न लाख सन्ताउन्न हजार पाँच सय छयालिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ग)** विकास बैंकको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ३६,०९,०८,२११/- (रु. छत्तीस करोड नौ लाख आठ हजार दुई सय एघार मात्र) हुनेछ । जुन कूल चुक्ता पूँजीको ६२.६८ प्रतिशत शेयर स्वामित्व हुनेछ र सर्वसाधारण शेयरधनीहरुको रु. २१,४८,४६,३८९/- (रु. एक्काईस करोड अठचालिस लाख छयालिस हजार तीन सय उन्नानव्वे) मात्र गरी विकाश बैकको जम्मा चूक्ता पूँजी रु. ५७,५७,५४,६००/- (रु. सन्ताउन्न करोड सन्ताउन्न लाख चौवन्न हजार छ सय मात्र) हूनेछ ।

२. आ.व. २०६९/०७० को लागी चुक्ता पूंजीको २० प्रतिशतले हुने रकम रु. ६,३९,७२,८००/- (अक्षरेपी रु. छ करोड उन्नचालिस लाख बहत्तर हजार आठ सय मात्र) बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

३. बोनस शेयर वितरण गरेपश्चात कायम हुने चुक्ता पूंजी अर्थात ३८,३८,३६४ कित्ता शेयरको २ : १ (दुई शेयर बरावर एक शेयर) का अनुपातमा १९,१९,१८२ कित्ता शेयर बरावरको हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. (क) संचालक समितिको बैठकमा उपस्थित भए बापत सञ्चालकले प्राप्त गर्ने बैठक भत्ता समय अनुसार रुपान्तरित गर्न आवश्यक भएकाले बैंकको नियमावलीमा निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**नियमावली तर्फ**

**नियम ३२ उपनियम २ (ख)** “सञ्चालक समितिको बैठकमा उपस्थित भएवापत सञ्चालक समितिका अध्यक्षलाई बैठक भत्ता रु. ५,०००/- (अक्षरेपी रु. पाँच हजार मात्र) र अन्य सञ्चालकहरुलाई बैठक भत्ता रु. ४,०००/- ( अक्षरेपी रु. चार हजार मात्र) हुनेछ” ।

(ख) **नियम ३२ उपनियम २ (ग)** “बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :
(अ) दैनिक भत्ता रु. ३,०००/- (अक्षरेपी रु. तीन हजार मात्र) ।

५. यस बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन एवं थप गर्न नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय तथा अन्य नियमकारी निकायहरुबाट स्वीकृति लिने क्रममा आवश्यक थपघट, संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

**(१२) धन्यबाद ज्ञापन तथा सभा बिसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा पाँचौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु, शेयर रजिष्ट्रार, कानूनी सल्लाहकार, लेखापरीक्षक तथा बैंक सञ्चालन क्रममा सहयोग गर्ने सबै नियमनकारी निकाय समेत सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्दै दिनको दिउसो २:०० बजे सभा बिसर्जन गर्नु भयो ।

दस्तखत : ....................
श्री प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

दस्तखत :........................
श्री थानेश्वर पौडेल
अध्यक्ष